"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल

## प्रेस विज्ञप्ति

१. बिगत केही महिनादेखि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको उतारचढावका कारण स्वचालित मूल्य प्रणाली बमोजिम मूल्य समायोजन हुन नसकेको विषय सबैमा जानकारी नै छ । हाल पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजार मूल्यमा आएको सुधार स्वरुप इण्डियन आयल कर्पोरेशनबाट आज प्राप्त नयाँ खरिद मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. १५।०९ ले, डिजेलमा रु. २९।४६ ले, र हवाई इन्धनमा प्रति लिटर रु. २९।४२ ले तथा एल. पि. ग्याँसमा समेत घटेर आएको छ । निगम सञ्चालक समितिको मिति २०८३/०३/१६ को निर्णयानुसार ०1 जुलाई, २०२६ (मिति २०८३/०३/१७) को बिहान ००:०१ बजेदेखि लागू हुनेगरी साबिकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर पेट्रोलमा रु. २०।०० ले, डिजेल/मट्टितेलमा प्रति लिटर रु. ३०।०० ले, हवाई इन्धन आन्तरिकतर्फ प्रति लिटर रु. ४०।०० र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ काठमाडौंको लागि प्रति किलोलिटर अमेरिकी डलर २६५ ले र एल.पि. ग्याँस प्रति सिलिन्डर रु.१००।०० ले घटाईएको छ भने हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ पोखरा र भैरहवाको लागि Breakeven Point मा बिक्री मूल्य कायम गरिएको छ ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८३/०३/१७ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा बिक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | २१४।५० | २१६।०० | २१७।०० | १९४।५० | १९६।०० | १९७।०० |
| २. | डिजेल/मट्टितेल | २२२।५० | २२४।०० | २२५।०० | १९२।५० | १९४।०० | १९५।०० |
| ३. | हवाई इन्धन (आन्तरिकतर्फ) | २६९।०० | | | २२९।०० | | |
| ४. | हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ प्रति किलो लिटर) | काठमाडौं | पोखरा | भैरहवा | काठमाडौं | पोखरा | भैरहवा |
| | | $ १८३१ | $ १३२५ | $ १३०८ | $ १५६६ | $ ११०० | $ १०८५ |
| ५. | एल.पि. ग्याँस | २१६० (१४.२ के.जि)/१०८० (७.१के.जि) | | | २०६० (१४.२ के.जि)/१०३० (७.१के.जि) | | |

*नोट: पहिलो वर्ग अन्तर्गत: चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।*
*दोस्रो वर्ग अन्तर्गत: सुर्खेत र दाङ्ग ।*
*तेस्रो वर्ग अन्तर्गत: काठमाडौं, पोखरा र दिपायल ।*

धन्यवाद।

२०८३ असार १६ गते मंगलबार ।
ने.सं. ११४६, तछलागा ।

प्रवक्ता